राष्ट्रिय साप्ताहिक

# जनजिब्रो

Janajibro National Weekly

सत्य समाचार, तथ्यमा आधारित विश्लेषण
सन्तुलित विचार, मर्यादित भाषाशैली
स्वस्थ मनोरञ्जन, शिष्टाचारयुक्त प्रस्तुति
खोजपूर्ण र ज्ञानवर्द्धक सामग्रीका लागि

newskoseli.com
सबैतिरबाट, सबैका लागि

वर्ष– २७, अङ्क– ४३, जेठ २७ गते शुक्रबार, २०७९ (10 June, 2022) | www.janajibro.com | मूल्य रू. १०।-

# तत्काल मन्त्री फेर्ने निर्णय स्थगित

## थमौती पाएहरु गद्‌गद्, सपथ रोकिएकाहरु रनभुल्ल

■ जनजिब्रो संवाददाता



**काठमाडौं ।** हालको गठबन्धनमा सामेल मन्त्रीहरूलाई फिर्ता बोलाएर नयाँलाई सरकारमा पठाउने नेकपा (एकीकृत समाजवादी) को निर्णय तत्कालका लागि रोकिएसँगै मन्त्रीपदको शपथ लिने तयारीमा रहेकाहरू रूष्ट बनेका छन् । एकीकृत समाजवादीका मन्त्री हेरफेर हुँदा अन्य दलमा र सरकारका नीति तथा कार्यक्रम समेत प्रभाव पर्ने देखिएपछि नेकपा एसका मन्त्री फेर्ने निर्णय स्थगित भएको बुझिएको छ। सो निर्णयले चौतर्फ असन्तुष्टि बढेर सरकार नै अल्पमतमा पर्ने तथा वार्षिक बजेट पारित गर्न गाह्रो हुन देखिएपछि सत्ता गठबन्धनका नेताहरू पछि हटेको देखिन्छ।

मन्त्रिपरिषद हेरफेर गर्ने निर्णयपछि एकीकृत समाजवादी र जनता समाजवादी पार्टीमा उत्पन्न विवादबारे बालुवाटारमा सोमबार बिहान बसेको सत्ता गठबन्धनका शीर्ष नेताहरूको बैठकमा भएको छलफलबीच प्रधानमन्त्री शेरबहादुर देउवा र माओवादी अध्यक्ष पुष्पकमल दाहालले अहिले मन्त्री हेरफेर गर्दा अरू पार्टीमा पनि प्रभाव पर्ने भन्दै तत्कालका लागि निर्णय रोक्न एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपाललाई आग्रह गरेको बुझिएको छ। प्रम देउवा र अध्यक्ष दाहालले बजेट पारित भएपछि मन्त्रिपरिषद हेरफेर गर्दा सरकार सुरक्षित हुने भनेपछि अध्यक्ष नेपाल समेत सो विषयमा सहमत भएको छलफलमा सहभागी नेताले जानकारी दिए। 'मन्त्रिपरिषद् हेरफेरकै कारण एकीकृत समाजवादीमा विवाद चर्कियो र जसपा फुट्‌यो भने बजेट पारित गर्न कठिन हुन्छ' ती नेताको भनाइ थियो- 'त्यसकारण अहिले जोखिम नलिने भन्ने निष्कर्षपछि तत्काललाई मन्त्रिपरिषद् हेरफेर रोकिएको हो।'

प्रधानमन्त्री देउवा एकीकृत समाजवादीमा विवाद रहेको र जसपा फुट नजिक रहेको चर्चा चल्न थालेसँगै बर्तमान सरकारलाई प्रदेश र प्रतिनिधिसभाको चुनावसम्म जोगाएर लैजाने लोकतान्त्रिक

क्रमशः अन्तिम पृष्ठमा

# माओवादी केन्द्रले मन्त्रीहरू नफेर्ने



**काठमाडौं ।** नेपाली कांग्रेस, नेकपा (एकीकृत समाजवादी)लगायत दलहरूले मन्त्री फेर्ने तयारी गरे पनि सत्तासाझेदारमध्येको एक दल नेकपा माओवादी केन्द्रले आफ्नो पार्टीबाट तत्कालका लागि सरकारमा सहभागी मन्त्रीहरू फेरबदल नगर्ने भएको छ। सरकारको नेतृत्व गरिरहेको कांग्रसले केही मन्त्री फेर्न छलफल अघि बढाएको र एकीकृत समाजवादीले नयाँ मन्त्रीहरूको सूची नै तयार पारेर सपथ ग्रहणको समय माग गरेको भए पनि माओवादी केन्द्रले भने सो विषयमा कुनै चासो र चर्चा भएको देखिँदैन।

हाल सरकारमा सहभागी मन्त्रीहरू हेरफेर गर्ने विषयमा जनता समाजवादी पार्टीभित्र समेत छलफल सुरु भइरहँदा सरकारमा दोस्रो हिस्सा लिएर बसेको माओवादीले मन्त्री फेर्ने चासो देखाएको छैन। यसैबीच बसेको सो दलको पूर्व स्थायी समिति सदस्यहरूको बैठकमा समेत त्यस विषयमा कुनै छलफल भएन। बैठकमा अखिल क्रान्तिकारी भित्र देखिएको विवाद समाधानका

क्रमशः अन्तिम पृष्ठमा

# हात्तीका साथ कृष्णप्रसादको दैनिकी


ललितपुरको जाउलाखेलस्थित चिडियाखानाको तबेलामा पुग्दा हात्तीलाई पराल दिइरहेका थिए कृष्णप्रसाद आचार्य। चिडियाखानामा रहेको उक्त हात्तीको नाम हो- 'पवनकली'। पवनकली कृष्णप्रसादलाई सुँडले सुम्सुम्याउँदै पराल माग्दै थिई।

कृष्णप्रसाद र पवनकलीको भेट भर्खर भएको होइन, उनीहरूबीचको सम्बन्ध लामो छ। पवनकलीसँग झापाका कृष्णप्रसादको भेट भएको तीस वर्ष भयो। पवनकलीसँग भेट हुँदा कृष्णप्रसाद तेईसवर्षे जवान थिए भने पवनकली छत्तीस वर्षकी। वि.सं. २०४६ सालमा उनीहरूबीच भेट भएको हो।

अहिले कृष्णप्रसादले ५३ वसन्त पार गरिसके, पवनकली सतसट्ठी वर्षकी भई। चितवन राष्ट्रिय निकुञ्जबाट सरेर छत्तीस वर्षको उमेरमा जाउलाखेलस्थित सदर चिडियाखानामा भित्रिएकी हो पवनकली। कोशी टप्पुमा जागिरे भएको दुई वर्षपछि पवनकलीसँग कृष्णप्रसादको भेट भयो।

### माउतेदेखि फनितसम्म

कोशी टप्पु वन्यजन्तु आरक्षण (आरक्ष) बाट हात्ती स्याहार्ने कामका लागि 'जागिरे' भएका कृष्णप्रसाद यो उमेरसम्म पनि हात्तीसँगै रमाइरहेका छन्। हात्तीको माउतेबाट उनको जागिर सुरु भएको हो। केही समय माउतेको तहमा काम गरेपछि उनी 'पछुवा' तहमा बढुवा भए। पछुवाबाट पनि बढुवा भएर अहिले उनी 'फनित' तहमा छन्। योभन्दा माथिल्लो तहमा बढुवा हुने अवधि पुगिसके तापनि चिडियाखानामा योभन्दा माथिल्लो तहको व्यवस्था नै नरहेको उनी बताउँछन्।



**हात्ती–मानिस सम्बन्धको कथा : तस्बिरमा कृष्णप्रसाद आचार्य, सागर दाहालको रिपोर्ट।**

क्रमशःदोस्रो पृष्ठमा

> विजय प्राप्त गर्ने र सत्ता हातमा लिने कुरा तिनीहरूका लागि मात्र सम्भव छ, जो जनतालाई विश्वास गर्दछन् र उनीहरूकै सिर्जनात्मक क्षमतामा भर परेर फइको मार्न तयार हुन्छन्। -लेनिन

**जनजिब्रो साप्ताहिक**
वर्ष- २७, अङ्क- ४३, जेठ २७ गते शुक्रबार, २०७९

## सम्पादकीय


# मन्त्रिपरिषद् परिमार्जन : परिपक्व र व्यावहारिक होऊ

निकै पेचिलो, अप्ठ्यारो र चुनौतीपूर्ण स्थितिमा गठन भएको शेरबहादुर देउवा नेतृत्वको वर्तमान सरकार मुलुकको नियमित, दीर्घकालीन र स्वाभाविक प्रक्रिया सञ्चालन गर्ने अवस्थाको सरकार होइन। खड्ग ओली नेतृत्वको बहुमत प्राप्त सरकारले देखाएको उद्दण्डता, अत्याचार र आपराधिक हर्कतहरूलाई 'ब्रेक' लगाउँदै आसन्न चुनावहरू सम्पन्न गरेर देशलाई नियमित प्रक्रियातर्फ व्यवस्थित गर्न गठन भएको सरकार हो यो।

बहुमत प्राप्त नेकपा विघटित भए तापनि वर्तमान संसद्को सबैभन्दा ठूलो दलका रूपमा रहेको ओली नेतृत्वको एमाले राष्ट्र र जनताका विरुद्ध उसले निरन्तर प्रदर्शन गर्दै आएको व्यभिचारका कारण संघीय र प्रादेशिक सबै सरकारहरूबाट अपदस्थ हुन पुगेको छ। यो स्थितिमा पहिलो दललाई विपक्षमा छाडेर दोस्रो, तेस्रो, चौथो र पाँचौं दलहरूको गठबन्धनद्वारा बहुमत जुटाउँदै सरकारका दैनन्दिन क्रियाकलाप अघि बढाउनु अनि ओली-उद्दण्डताले सिर्जना गरेका समस्याहरूको समाधान गर्नु खेलाँची कुरा होइन। अझ इतिहास र राजनीतिक जीवनकै सबैभन्दा कठिन र घात-प्रतिघातपूर्ण घडी गुजारिरहेको पूर्ववत एमालेको एक हिस्सा अर्थात् नेकपा (एकीकृत समाजवादी) ले पार्टीको आन्तरिक जीवन र बाह्य चुनौती एवम् दायित्व दुवैलाई कुशलतापूर्वक समालेर अघि बढ्नु सजिलो कार्य होइन।

यतिबेला सोही घटक अर्थात् एकीकृत समाजवादीको आन्तरिक शक्ति-सन्तुलन र समीकरणका कारण गठबन्धन मन्त्रिपरिषद्को परिमार्जन अपरिहार्य भइरहेको देखिन्छ। यो मामिलाले एकातिर स्वयम् सोही पार्टीलाई र अर्कातिर सिङ्गै 'प्रतिगमनविरोधी' गठबन्धनलाई थप समस्यामा पार्न सक्ने खतरा पैदा भएको छ। यो खतरालाई कुशलतापूर्वक निप्ट्याएर इतिहासले सुम्पिएको दायित्व पूरा गर्न एसका नेताहरू र गठबन्धनका शीर्ष नेताहरूले फेरि एक पटक आफ्नो परिपक्वता र व्यावहारिकता प्रदर्शन गर्नुपर्ने भएको छ।

# प्राणवायुको...



### परिवारभन्दा पवनकलीसँगै बढ्ता समय

कृष्णप्रसाद परिवारसँगभन्दा पवनकलीसँगै बढी समय बिताउँछन्। उनलाई घरमा बस्ने मौका कमै मात्र मिल्छ। 'पवनकलीले मलाई खोजिहाल्छे,' कृष्णप्रसाद भन्छन्- 'घर त बस्नै पाउँदिनँ।' त्यसो त पवनकलीलाई केही समय नदेख्दा उनी पनि न्याश्रिन्छन्। उनी पवनकलीकै स्याहारसुसारमा हरदम चिडियाखानामै जुटिरहन्छन्; पवनकलीलाई घुमाइरहन्छन्।

पवनकली र कृष्णप्रसादबीच सुमधुर आत्मीयता छ। पवनकली बिरामी हुँदा उनी घरै जाँदैनन्। 'श्रीमती, छोराछोरी बिरामी हुँदा त उपचार गर्ने मान्छे हुन्छन्, अस्पताल लान सकिन्छ,' कृष्णप्रसाद भन्छन्- 'तर पवनकली बोल्न सक्तिन, बिरामी परे कसले उपचार गर्ने ?'

पवनकली बिरामी पर्दा कृष्णप्रसादलाई हेर्दै बरर्र आँशु झार्छे, उनैलाई सुम्सुम्याउँछे र सुँडको इशाराले नजिक बोलाउँछे। पवनकलीले खानेकुरा समेत खान नसकेको देख्दा कृष्णप्रसादका पनि आँखा रसाउँछन्। पवनकली बिरामी परेको अवस्थामा कृष्णप्रसादले तातो-चिसो पकाएर खान दिन्छन्। पवनकली बिरामी हुँदा त्यही चिन्ताले कृष्णप्रसाद राम्रोसँग निदाउन समेत सक्दैनन्।

पवनकलीलाई बिमारले च्यापेको खण्डमा कृष्णप्रसाद राति नै भए पनि पशु चिकित्सकलाई बोलाइहाल्छन्। कृष्णप्रसादले फोन गर्ने बित्तिकै चिकित्सक पनि चिडियाखाना पुगिहाल्छन्। 'फोन गरेपछि डाक्टर आइहाल्नुहुन्छ,' उनी भन्छन्- 'जति राति फोन गरे पनि डाक्टरसा'ब आइपुगिहाल्नुहुन्छ।' निको हुँदा पवनकलीलाई त हल्का हुने नै भयो, कृष्णप्रसाद समेत खुशी हुन्छन्; आनन्द मान्छन्। उसो त कृष्णप्रसाद बिरामी हुँदा पनि पवनकली सुर्ताउँछे। भन्छन्- 'म बिरामी परेर खान दिन नसक्दा मलाई हेरिरहन्छे, खान मागिहाल्दिन।'

वैवाहिक यात्रा र काठमाडौंमा घर

कृष्णप्रसादले वि.सं. २०५० मा कवितासँग लगनगाँठो कसे। आफूले दुलही पनि चिडियाखानामै भित्र्याएको उनले सुनाए। 'चिडियाखानाको हात्ती बस्ने हात्तीसारको छेउबाटै बेहुलो भएर दुलही लिन गएको थिएँ'- उनी सम्झन्छन्।

कविता भित्रँदा कृष्णप्रसादको तलब १ हजार ६ सय १० रूपैयाँ थियो। त्यो तलबले परिवार धान्न धौ-धौ भएपछि उनले शनिबार छुट्टीका दिन चिडियाखानाकै अगाडि सडकमा बालबालिकाका खेलौना बेच्न थाले। कृष्णप्रसादको छुट्टी नहुँदा कविताले व्यापार गर्थिन्। हात्तीकै वरीपरि खेल्दै उनका छोरा र छोरी हुर्किए।

सात कक्षासम्म मात्रै पढेर घर छाडेका कृष्णप्रसादको घरमा निकै दुःख थियो। जागिरको सुरुआतमा उनको तलब ४ सय १० रूपैयाँ मात्र थियो। सुरुआतताका काम ग्राह्रो लागेर भाग्न पनि भ्याए। तर, जागिर छाड्न मनले मानेन। भागेकै दिन फर्किएर फेरि हात्ती स्याहार्न थाले। जागिर नछाड्नु नै कृष्णप्रसादका लागि 'भाग्य' बन्यो।

व्यापार गरेर उनले एक लाख जमाए। त्यही पैसाले कलङ्कीमा तीन आना जग्गा समेत जोडे। केही वर्षपछि त्यो जग्गा ५ लाखमा बिक्री गरे। ५ लाख रूपैयाँलाई फुर्मासमा खर्च गरेनन्। साढे तीन लाख रूपैयाँमा गोदावरीमा साढे चार आना जग्गा किने। १ लाख ५० हजार रूपैयाँ बचाए। 'दुई वर्षपछि त्यो जग्गा २० लाखमा बेचें'- कृष्णप्रसादले भने। यसरी 'खेलो' गर्दै त्यही पैसाले आनाको साढे दुई लाखका दरले भैँसेपाटीमा तीन आना जग्गा किने। त्यहीं उनले तीन तलाको घर ठड्याए। काठमाडौंमा घर भएकामा उनमा कुनै अहमता छैन।

हात्तीले नै आफ्नो परिवार धानेको हुनाले कविता पनि पवनकलीबाट टाढा नहुन कृष्णप्रसादलाई प्रोत्साहित गर्छिन्। 'अब धेरै दुःख नगर्न' छोराछोरीले भने कहिलेकहीं बुबासँग अनुरोध गर्छन्। तर, पवनकली जीवित रहुन्जेल टाढिने मन छैन कृष्णप्रसादलाई। 'पवनकलीलाई त एकछिन पनि छाड्न सक्तिनँ'- कृष्णप्रसाद भन्छन्। पवनकलीको स्याहारसुसार गर्नु उनका लागि नित्यकर्म जस्तै हो। पवनकलीको दिसा-पिसाब सोहोर्दा गन्हाउनुको सट्टा बासना आउने उनी बताउँछन्। कृष्णप्रसादले पवनकलीलाई आफ्नो घरमा समेत लगेका छन्। भैँसेपाटीमा जग्गा किनिसकेपछि घर बनाउनुपूर्व कृष्णप्रसादको जग्गामा दुई घन्टा बसेकी छ पवनकली।

श्रीमती कवितालाई भने सम्पत्तिले मात्रै पुगेन। छोराछोरीले पढेको देखेर आफूलाई पनि पढ्न असाध्यै मन लाग्यो। कहिल्यै स्कुल नटेकेकी कविताले छोराछोरीसँग घरमै प्राथमिक तहको पढाइ भ्याइन्। ललितपुरको सातदोबाटोस्थित पाको उमेरका व्यक्ति पढ्ने एक स्कुलमा उनले सिधै पाँच कक्षामा नाम लेखाइन्। कविता अहिले सात कक्षामा पढिरहेको कृष्णप्रसादले सुनाए।

### कुराकानीको साङ्केतिक भाषा

भोकाएका बेला पवनकली सुँडले ढुङ्गो टिपेर कृष्णप्रसादलाई हिर्काउँछे। कृष्णप्रसादले खानेकुरा दिन ढिलो गरे भने ढुङ्गाले हान्न थालिहाल्छे। ढुङ्गाले हान्न थालेपछि पवनकलीलाई भोक लागेको बुझिहाल्छन् कृष्णप्रसाद। र, त्यसपछि तुरुन्तै खान दिन्छन्।

खुट्टामा काँडा, ढुङ्गा, कुनै छेस्का बिझेका बेला कृष्णप्रसादलाई देख्ने बित्तिकै पवनकलीले खुट्टा उचालिदिन्छे। उसको साङ्केतिक भाषा बुझेर कृष्णप्रसाद खुट्टामा पसेको वस्तु झिकिदिन्छन्। पवनकलीलाई बस् भन्नुपर्दा 'ब्वाइठ', उठ् भन्नुपर्दा 'म्वाइल', सुत् भन्नुपर्दा 'सुत', हिँड् भन्नुपर्दा 'अगत्', पछाडि सर् भन्नुपर्दा 'छौ', उभिइराख् तथा बद्मासी नगर् भन्नुपर्दा 'र' भन्ने साङ्केतिक भाषा प्रयोग गर्छन् कृष्णप्रसाद। कृष्णप्रसाद-पवनकली दुवैले साङ्केतिकरूपमै दोहोरो संवाद गर्छन् र दुवैले बुझ्छन्।

कहिलेकहीं रिस

कहिलेकहीं भने पवनकली रिसाउँछे। पवनकलीलाई रिस उठेका बेला आँखा डेरा पारेर हेर्छे। 'जिउ, कान केही पनि चलाउँदिन,' उनी भन्छन्- 'रिसाएका बेला फकाउनुपर्छ।' पवनकलीलाई कुट्न-पिट्न भने उनलाई लाई सह्रै माया लाग्छ; हत्तपत्त कुटिहाल्दैनन्।

पवनकलीले अहिलेसम्म आफूलाई कुनै पनि नराम्रो व्यवहार नगरेको कृष्णप्रसादले सुनाए। 'असाध्यै गुनी छे,' उनी भन्छन्- 'राम्रो हो कि खराब मानिस हो भन्ने कुरा उसले छुट्याउन सक्छे, जाँड-रक्सी खाने मानिससँग रिसाउँछे।'

पवनकलीले झुक्किएर एक दिने भने एउटा गल्ती गरेको कृष्णप्रसादले सुनाए। केही वर्ष अगाडि घाँस लिन इमाडोल जाँदा कुकुरले पछाडिबाट पवनकलीलाई टोक्न आएछ। 'के आयो भनी तर्सेएर पछाडिको कुकुरलाई तात्ताले हानी, कुकुर फ्याट्टै मऱ्यो,' कृष्णप्रसादले भने- 'त्यो बाहेक यसले कुनै पनि बद्मासी गरेकी छैन।' आफूले भनेका कुरा पवनकलीले मान्नु नै आफूप्रतिको माया ठान्छन् कृष्णप्रसाद।

### बुढ्यौलीसँगैको अटेरी

एक वर्ष अघिसम्म हात्ती सवार गर्ने मानिसहरूलाई सवार गराउँथी पवनकली। उसले अहिले त मान्छे बोक्न छाडेकी छ। मान्छे बोक्नुपर्छ भनेर अल्छीले चिडियाखानाको पोखरीमा खेल्दै टहलिएर पवनकलीले बाहिर निस्कने ढिलो गर्न थालेकी थिई।

'बोलाउँदा पनि आउँदैनथी,' कृष्णप्रसाद भन्छन्- 'आज चाहिँ मान्छे बोक्नुपर्छ भन्ने कुरा उसलाई ठ्याक्कै थाहा हुन्थ्यो।' अहिले पनि उसको त्यो बानी गएको छैन। कहिलेकहीं अटेरी गरेपछि फकाएर बोलाउनुपर्छ।

### पाको उमेर : ठप्प कामकाज, घट्दो खानपान

पवनकलीले एक पटकमा चार जना वयस्क व्यक्तिलाई सवार गराउँथी। दैनिक करिब तीस जना सवार गराउँथी। तर, पवनकली अहिले भने वृद्धावस्थामा पुगिसकी। कृष्णप्रसाद भन्छन्- 'अब पवनकलीले मान्छे बोक्न सक्दिन।' अहिले उनी पवनकलीलाई चिडियाखानाभित्रकै पोखरीमा नुहाउन लान्छन्; दैनिक घुमाउँछन्।

करिब उनान्सत्तरी वर्ष पुगेकी पवनकली वृद्ध हुँदै गएकाले धेरै हिँड्न र बोक्न नसक्ने भएकाले मान्छे बोक्न लगाउन छाडेको बताउँछन् कृष्णप्रसाद। आफैं घाँस बोकेर ल्याउने ऊ अहिले भने घाँस लिन पनि बाहिर निस्कन्न। अहिले राम्रोसँग खान पनि सक्तिन। वयस्कको जस्तो खानपान नगरे पनि उसको खानपानमा भने खासै कमी भने नआएको उनी बताउँछन्।


पवनकलीले बेलुकी करिब एक ट्र्याक्टर डालेघाँस खान्छे, बिहानसम्म त्यसैले पुग्छ। दिउँसो एक बजेतिर खाजाका रूपमा बाह्र किलोग्राम फलफूल खान्छे। उसले बेलुका चार बजेभन्दा पहिले पन्ध्र किलोग्राम धान खान्थी। तर, अहिले पचाउन मुस्किल पर्ने भएकाले करिब चार किलोग्राम मात्रै खान्छे। धान धेरै खाँदा पचाउन नसकेर बिरामी पर्ने भएकाले चार किलो मात्रै दिन थालिएको उनले सुनाए। चार किलो धानमा ५०-६० वटा कुची दिइन्छ। धान, सख्खर, नुन, चना, बत्तीसाजस्ता १६ थरीका खाद्य पदार्थ मिसाएर, परालमा स-साना गाँठा पारेर कृष्णप्रसादले पवनकलीलाई खाजा दिन्छन्। गाठो पारेर दिइने यस्तो खानालाई 'कुची' भनिन्छ।

### नजिकिँदो विछोडमा कृष्णको चिन्ता

पवनकलीको उमेर पाको हुँदै गएकामा कृष्णप्रसाद चिन्तित छन्। मान्छे नदेखे पवनकली पनि दाम्लो चुँडाएर हिँडिदिन्छे। कृष्णप्रसाद रिटायर्ड हुन करिब नौ वर्ष बाँकी छ। तर, पवनकली जीवित होउन्जेल र अफिसले माया गरुन्जेल उसैको स्याहारमा जुटिरहने उनी बताउँछन्। पवनकली जिउँदै छँदा रिटायर्ड भएमा पनि बेला-बेला पवनकलीलाई हेर्न आइरहने सोचमा छन् उनी।

'पवनकलीलाई केही भैहाल्यो भने अरु हात्तीलाई हेर्न न त आउँदिन,' कृष्णप्रसाद भन्छन्- 'तर अझै १५-२० वर्ष पवनकलीलाई केही हुँदैन भन्नेमा म आशावादी छु।' आफूले पवनकलीसँग जीवनमा धेरै कुरा सिकेको मात्र होइन, जिउने आधार नै पाएको कृष्णप्रसादको बुझाइ छ। जीवनका सर्वाधिक महत्वपूर्ण धेरै वर्षहरू उनैसँग खेलेर बिताएका कृष्णप्रसादको मन पवनकलीलाई छाडेर जान मानेको छैन।

# पर्यावरण र समाजवादबारे कार्ल मार्क्स



विचार-दृष्टिकोण

जस्टस फ्रेहर लिविग

पछिल्ला दुई दसकमा प्रकाशित विभिन्न कृतिहरूले कार्ल मार्क्सका कृतिमा रहेका पर्यावरणसम्बन्धी कुरालाई सतहमा ल्याएका छन् । मार्क्सले पर्यावरणको प्रश्नलाई कुनै विचार दिएका थिएनन् भन्ने भनाइलाई ती कृतिले खण्डन गरेका छन् । पुँजीवादी व्यवस्था र प्रकृतिको विनाशबारे मार्क्सको क्रान्तिकारी विचारलाई तिनले अझ उजागर गरेको छ । तथापि केही प्रश्न भने अझै अनुत्तरित छन्ः मार्क्स कसरी ती विचारसम्म पुगे र उनको जीवनका विभिन्न चरणमा पर्यावरणसम्बन्धी विचारले कस्तो खालको प्रभाव पार्‍यो ?

सन् १९९० दसकको अन्त्यसम्ममा मानव समाज र प्रकृतिबीचको अन्तरक्रियाबारे मार्क्सका कृतिहरूमा या त त्यति ध्यान गएको थिएन अथवा तिनलाई गलत ढङ्गले बुझिएको थियो । पल बुर्केटको ‘मार्क्स एन्ड नेचर’ (१९९९) र जोन बेलामी फोस्टरको ‘मार्क्स इकोलोजी’ (२०००) दुई वटा कृति प्रकाशित भएपछि भने यो विषयमा मानिसहरूको सोचाइमा केही भिन्नता आएको छ । दुवै कृतिले पर्यावरणसम्बन्धी मार्क्सका विचारलाई आधारभूतरूपमा प्रकाश पारेको छ । यसले नयाँ पुस्ताका मार्क्सवादीहरूलाई वातावरणको विषयमा चिन्तन गर्न र लेख्न उत्साहित गरेको छ ।

कोहे साएटोले मार्क्सको हालै प्रकाशित नोटबुकहरूको विस्तृत अध्ययन गरी लेखेको नयाँ पुस्तकले पर्यावरणसम्बन्धी मार्क्सका विचारलाई अझ प्रस्ट बनायो । बुर्केट, फोस्टर र अन्य सोसम्बन्धी बुझाइलाई साएटोको कृतिले अझ फराकिलो बनायो । मार्क्सको कृतिको विस्तृत अध्ययन गरिएको त्यो महत्वपूर्ण पुस्तकले अर्थ-राजनीतिसम्बन्धी आफ्नो अध्ययनलाई हिस्साको रूपमा समकालीन विज्ञानमा मार्क्सको लामो संलग्नताबारे प्रस्ट पारिएको छ । यही लामो संलग्नताले नै पर्यावरणसम्बन्धी मार्क्सको विचार निर्माणमा टेवा पुर्‍यायो ।

हालै इयान अन्गसले समाजवादी विचारको आधार बनाउन विज्ञानमा मार्क्स र एङ्गेल्सको संलग्नताको महत्वबारे प्रकाश पारेका छन् । ‘(मार्क्स र एङ्गेल्सले) मजदुर आन्दोलनमा सक्रिय सहभागितामार्फत संसारले कसरी काम गर्छ र कसरी परिवर्तन हुन्छ भन्ने आफ्नो विचारको परीक्षण गरे । त्यसक्रममा इतिहास, अर्थशास्त्र र प्राकृतिक विज्ञानको गहन अध्ययन गरे । उनीहरूले यो काम आफ्नो बौद्धिक उत्सुकता मेटाउनमात्र गरेका थिएनन‘ पुँजीवादको विकासका भौतिक परिस्थिति र भविष्यमा त्यसले पार्ने असरबारे विस्तृतरूपमा नबुझी पुँजीवादबारे बुझ्न र प्रतिरोध गर्न सम्भव नभएको कुरा उनीहरूलाई राम्ररी थाहा थियो ।’ (इयान एन्गस, द रेड्डर सेड अफ ग्रिनः इन्टरसेक्सन्स अफ साइन्स एन्ड सोसिएलिजम् (न्यु योर्कः मन्थ्ली रिभ्यु प्रेस, २०१७, २६)

पर्यावरणसम्बन्धी मार्क्सको अवधारणा बुझ्नुको अर्थ उनको भौतिकवादी तरिकाअनुसार नै उनको विचारधाराको विकासक्रमबारे बुझ्नु हो । त्यस अर्थमा सुरुको मार्क्स र उनका पछिका विचारबीच कुनै विखण्डन थिएन, बरु उनका अवधारणा र विचारको विकासको सिलसिला थियो । मार्क्सका आर्थिक लेखहरूमा यी कुरालाई ध्यान दिइएको भए पनि प्रकृतिबारे उनको यो विचारको हकमा यो सत्य भएको कुरा भने स्वीकारिएको थिएन । साइटोले भनेका छन्- ‘अलग वास्तविकतामा एउटा काल्पनिक आदर्श थोपर्ने मार्क्सअघिका दार्शनिक चिन्तनभन्दा अघि बढेर मार्क्सले मानिस र प्रकृतिबीचको मूर्त सम्बन्धको विश्लेषण गर्न सिके । मानिस र प्रकृतिबीचको मूर्त सम्बन्ध एकातिर ‘अन्ततः आवश्यकता’ को रूपमा शाश्वत कुरा हो भने अर्कोतिर मानव समाजको विकासक्रमका हरेक उत्पादनको चरणमा श्रमको भिन्नाभिन्नै आर्थिक भूमिकाको आधारमा यो सम्बन्धको सामाजिक आयाम पनि छ ।’

डेभिड रिकार्डोमार्क्सले एउटा यस्तो समाजको आवश्यकतालाई जोड दिएका छन् जसको ‘मूल काम’ भनेको ‘सम्बन्धित उत्पादकबाट मानिस र प्रकृतिबीचको भौतिक अन्तरक्रियालाई सचेत रूपमा नियमन गर्नसक्छ । साइटोले यसलाई ‘अवधारणामै आएको परिवर्तन’ को रुपमा उल्लेखनीय परिवर्तन भनी व्याख्या गरेका छन् । तर, यसलाई मार्क्सको आफ्नो अर्थ-राजनीतिक सिद्धान्तबाट अलग बनाउन सकिन्न ।

साइटोले मार्क्स ‘सुरुबाटै पर्यावरणबारे चिन्तन गर्ने’ थिएनन् । वास्तवमा उनलाई यस विषयमा सुरु-सुरुमा ‘जानकारीको कमी’ थियो । मार्क्सका सुरु सुरुका लेखनमा उल्लेखित प्रमिथसवादी सोचले उनमा विज्ञान र प्रविधिको अन्त्यहीन प्रगतिप्रतिको विश्वास थाहा पाउन सकिन्छ । कृषिको क्षेत्रमा विज्ञान र प्रविधिको प्रयोगले पृथ्वीको प्राकृतिक सीमिततालाई जित्न सकिने सोच्थे । मार्क्सले त्यत्तिबेला त्यस्तो विचार राख्नु कुनै आश्चर्यको कुरा थिएन किनभने त्यत्तिबेलाका नाम चलेका वैज्ञानिकहरू त्यसरी नै सोच्थे ।

यो विषयमा मार्क्सलाई महत्वपूर्ण प्रभाव पारेका थिए-स्कटल्यान्डका कृषिविद् जेम्स एन्डरसन । उनी ‘उत्पादकत्व बढाउने प्रक्रियामा माटोको गुणस्तर वृद्धिको पनि भूमिका हुने’ तर्क गर्थे । ‘‘उपयुक्त बन्दोबस्तअन्तर्गत माटोको गुणस्तर वृद्धिको लागि श्रमले पनि भूमिका खेलेको हुन्छ ।’ मार्क्सलाई उनको तर्कले दुई कोणबाट आकर्षित गर्‍यो । पहिलो एन्डरसनको विचारले श्रममा आधारित न्यायसङ्गत कृषिसम्बन्धी उनको धारणालाई समर्थन गरेको थियो । दोस्रो कारण, यो तर्कले थोमस माल्थस र डेभिड रिकार्डोको विचारको आलोचना गर्थ्यो जसले माटोको उर्वरतामा कमीले भविष्यको सङ्कटप्रति निराशाजनक धारणालाई उत्साहित गर्थ्यो ।

मार्क्सले त्यस्ता वैज्ञानिकहरूको विस्तृत अध्ययन गरेका थिए, तिनका कृतिबारे बहस र छलफल गरेका थिए, तिनमाथि आलोचनात्मक अध्ययन गरेका थिए । त्यसले विषयवस्तुलाई विस्तृतरूपमा बुझ्न उनलाई सक्षम बनाएको थियो । मार्क्सले ‘प्रकृतिमाथि मनपरी दोहन गर्नु नहुने र प्राविधिक विकासमार्फत पनि प्रकृतिको रूप बिगार्न नहुने’ भनी आफ्नो दृष्टिकोण विकास गरेका थिए । निष्कर्षमा उनले भनेका छन्- ‘प्रकृतिमा पनि जित्न नसकिने सीमितताहरू हुन्छन् ।’

यो विषयमा मार्क्सका विचारको विकासमा जर्मनीका कृषिविद् जस्टस भोन लेबिग (१८०३-१८७३) का कृतिहरूको महत्वपूर्ण भूमिका खेलेको छ । पर्यावरणसम्बन्धी मार्क्सका विचारबारे पुस्तकहरूमा लेबिगको भूमिकाबारे प्रकाश पारिएको छ । त्यतिबेलाको प्राकृतिक विज्ञानबारे आफ्नो सिद्धान्त विकास गर्न मार्क्सले लेबिगका कृतिहरू (धेरै स-साना परिवर्तनसहित लेविगका कृतिका धेरै संस्करण प्रकाशित छन्) र लेबिगका विचारमाथि भएका वैज्ञानिक बहसको मार्क्सले गरेको गम्भीर अध्ययनबारे साइटोले विस्तृत रूपमा प्रकाश पारेका छन् ।

सुरुमा मार्क्सले पर्यावरणसम्बन्धी आफ्नो विचार बनाउन लेबिगबारे अध्ययन गरेका थिएनन् । रिकार्डोजस्ता चिन्तकहरूबारे आलोचनात्मक धारणा बनाउन मार्क्सले लेबिगको अध्ययन गरेका थिए । विशेषतः मार्क्सले सीमान्त प्रतिफलको नियमबारे अध्ययन गरेका थिए । सीमान्त प्रतिफलको नियम भन्नाले माटोको सुधारको लागि रसायनिक मल वा पुँजीगत लगानी भए पनि त्यसको कृषि प्रतिफल क्रमशः घट्दै जाने नियम हो । भूमिको तिरोसम्बन्धी सिद्धान्त बुझ्न यो महत्वपूर्ण नियम थियो । यहाँ मार्क्सले ‘कृषिको उत्पादकत्वको अनुपातिक वृद्धि हुने’ विचार अघि सारेका थिए । उनले माटोको उर्वरतामा कमी र प्राकृतिक स्रोतमा सीमिततालाई प्रमुख प्रश्नको रुपमा लिएनन् किनभने उनले सरलतापूर्वक यसलाई ‘पुँजीवादमा मात्र आउने समस्या’ को रूपमा हेरेका थिए ।

तर, ‘पुँजी’ लेख्न थाल्दासम्म मार्क्सले आफ्नो विचारमा परिमार्जन गरिसकेका थिए । ‘कृषिमा डकैती प्रणाली कृषि क्षेत्रमा भौतिक सीमितताको विशिष्ट आधुनिक परिणाम हो’ भन्ने लेबिगको विचार मार्क्सले पछ्याए । लेबिगलाई मार्क्सले दुई वटा महत्वपूर्ण विचार दिएः पहिलो, पुँजीवादी कृषिमा प्रकृतिको सीमितता हुन्छ । जस्तैः माटोको प्रकार, स्थानीय मौसम आदि । एक नयाँ किसानले अथाह पुँजी लगानी गरे पनि लगानीको प्रतिफल भने त्यस्ता प्राकृतिक कुराले सधैं अवरोध सिर्जना गरेको हुन्छ । दोस्रो, लेबिगले आधुनिक कृषि प्रणालीले संस्थागतरूपमै माटोको पोषक तत्व कमजोर बनाउँछ र त्यसको पुनःस्थापना भने गर्न सक्दैन । साइटोले यो प्रक्रियाबारे जानकार भएपछि मार्क्सको ‘उत्साह’ बारे जोड दिएका छन् । यो प्रक्रियाले ‘सहर र गाउँबीचको आपसमा विरोधी सम्बन्धको वैज्ञानिक कारण’ प्रस्ट बनाएको छ ।

लेबिग र अन्य कृषि वैज्ञानिकहरू न्यायसंग कृषि सम्भव भएको कुरामा मार्क्सको चित्त बुझाउन सफल भयो । सँगै त्यस्तो कृषि प्रणाली पुँजीवादी कृषि सम्बन्धबाट सम्भव नभएको कुरा पनि प्रस्ट बनायो । पुँजीवादी व्यवस्थाअन्तर्गत जब माटोको उर्वरता घट्छ, लागत बढ्छ किनभने त्यसमा सुधार मानिसको श्रममार्फत मात्र गर्नसक्छ, ‘स्वतन्त्र प्राकृतिक शक्ति’ हद्पेर गर्न सकिन्न । साइटोका अनुसार मार्क्समा ‘पुँजीवादी व्यवस्थाअन्तर्गत पुँजीमुखी कृषिले माटोको दिगो र दीर्घकालीन सुधार गर्न सम्भव नहुने र माटोको उर्वरता बढाउन पुँजी लगानी बढ्दै गएपछि उत्पादन लागत बढ्ने आलोचनात्मक दृष्टिकोण’ को विकास भइसकेको थियो । तर, पुँजीवादी कृषि नाफा बढाउन ‘प्रकृतिको स्वतन्त्र शक्ति’को अधिकतम प्रयोग गरेको हुन्छ । त्यस्तो सम्बन्धलाई व्यवस्थित गर्नसक्ने न्यायसङ्गत नयाँ आर्थिक प्रणालीले मात्र माटोको उर्वरताको ऐतिहासिक ह्रासलाई जित्न सक्नेछ ।

लेबिग र अन्य वैज्ञानिकहरूको अध्ययनको निष्कर्षमा मार्क्सले ‘मेटाबोलिक खाडल’ को विकास गरे । पुँजीवादी कृषिको ‘डकैती प्रणाली’ बारे उनको बुझाइ अलि पछि मात्र आयो, सन् १८६० को दसकतिर । यसको कारण उनले त्यसअघि यो विषयमा अध्ययन गरेको थिएन भन्ने होइन । बरु त्यसअघि माटोको उर्वरतासम्बन्धी समस्या समाधान गर्न रसायनिक मलको क्षमतासम्बन्धी सकारात्मक विश्वासबारे लेबिगजस्ता लेखकका सकारात्मक धारणामा उनी केन्द्रित थिए ।

मार्क्सले यो उपलब्धिलाई एक हदसम्म खुसीपूर्वक लिएका थिए । सन् १८५० को दसकमा आफ्नो लन्डन नोटबुकमध्ये एउटामा उनले लेबिगको भनाइ अघि सारेका छन्- ‘कृषिको यो पुनःस्थापना मल, खरानी वा हड्डीको कारण प्रभावित बन्छ वा बन्दैन भन्ने कुरा धेरै मात्रामा महत्वपूर्ण विषय होइन । त्यस्तो समय पनि आउनेछ, जब रसायन कारखानामा बनेको काँच बनाउने रसायन (पोटासको सिलिकेट) सँगै परालको खरानी र फोस्फोरस अम्ल मिलाइएको मलले माटोको उर्वरता बढाउनेछ ।’ सन् १८५१ का नोटबुकमा उल्लेखित माटोको उर्वरा सङ्कटको पृष्ठभूमिमा यो विशुद्ध प्राविधिक समाधानप्रति मार्क्सको विश्वास ‘ज्यादै उत्साहप्रद’ भनी साइटोले टिप्पणी गरेका छन् । सन् १८६३ भन्दाअघि लेबिगबारे

क्रमशः अन्तिम पृष्ठमा

Why to choose us?
No Load Shading Problem
Sufficient Inverter System
24 Hrs. Internet Facilities
Well-equipped Computer Lab with Desktop PCs and Laptops
Daily 2 Hrs. Shifts for Morning, Day & Evening Time
Experienced Instructors
Computer Software Training
Computer Hardware/Maintenance Training
Mobile & Electronics Training
English Language & Tuition
Govt. Regd. No.: 34623/523
Multichannel Institute
Narayantar, Jorpati, Kathmandu, Ph. No.: 01-4911021

## कांग्रेस–समाजवादी र एमाले–माओवादी केन्द्रबीच गठबन्धन

**सिन्धुपाल्चोक ।** जिल्ला समन्वय समिति (जिसस) सिन्धुपाल्चोकको निर्वाचनमा नेपाली कांग्रेस र नेकपा (एकीकृत समाजवादी)का बीच गठबन्धन हुने भएको छ। आउँदो जेठ २९ गते तय भएको निर्वाचनका लागि सो गठबन्धन गरिएको हो ।

एकीकृत समाजवादीलाई उपप्रमुख र एक सदस्य दिने गरी सहमति भएको कांग्रेस जिल्ला सचिव रमेश राजभण्डारीले बताए। चुनावका लागि मनोनयन दर्ता गर्ने कार्यक्रम भएको उनको भनाइ जिससको प्रमुखमा कांग्रेसबाट बाह्रबिसे नगरपालिकाका वडा सदस्य बालकृष्ण श्रेष्ठ उमेदवार बन्ने बताइएको छ। दुई दलबीच गठबन्धन भएसँगै जिससमा बहुमत हो ।

बाह्र स्थानीय तह रहेको जिल्लामा जिससमा हुने २४ मतमध्ये कांग्रेसको १२, एमालेको सात, नेकपा (माओवादी केन्द्र)को चार र एकीकृत समाजवादीको एक मत छ। जिसस निर्वाचनका लागि स्थानीय तहका प्रमुख उपप्रमुखले मत दिने व्यवस्था छ।

यस्तै जिसस निर्वाचनका लागि एमाले र माओवादी केन्द्रबीच पनि तालमेल हुने भएको छ। ती दुईदलसँग ११ मत छ। प्रमुखमा माओवादी केन्द्रबाट गणेश विक र उपप्रमुखमा एमालेबाट जेपी सिलवालले उम्मेदवारी दिने भएका छन् । समाजवादीले भने उपप्रमुखमा कसले उम्मेदवारी दिने भन्ने भन्ने अझै टुंगोमा पुग्न नसकेको पनि उनले बताए ।

## खप्तड र धनुषासागरसहित धार्मिक क्षेत्रमा गंगा–दशहरा आरती–मेला

**काठमाडौं ।** यस वर्ष सुदूरपश्चिम प्रदेशको प्रसिद्ध धार्मिक तथा पर्यटकीयस्थल खप्तडमा यतिबेला गंगा-दशहरा मेला भर्न मुलुकभरका विभिन्न जिल्लासहित छिमेकी देश भारतबाट समेत दर्शनार्थीको घुइँचो लागेको छ। कोरोना भाइरसका कारण दुई वर्षदेखि रोकिएको उक्त मेला यस वर्ष लाग्ने भएपछि पर्यटन र दर्शनार्थीको भीड बढेको स्थानीयवासीले बताएका हुन् ।

कोरोनाको समयमा समेत सीमित मानिसहरूको उपस्थितिमा नियमित पूजाअर्चना गरिएको खप्तडमा यस पटक भने माहामारी घटेसँगै भेलाको आयोजना गरिएको पूर्वीचौंकी गाउँपालिकाका अध्यक्ष रामप्रसाद उपाध्यायले बताए। खप्तडमा हरेक वर्ष जेष्ठ शुक्ल पक्ष दशमीका दिनमा 'गंगा-दशहरा' मेला लाग्ने परम्परा रही आएको छ। सोही परम्पराअनुसार मंगलबार नवमीदेखि नै खप्तडमा दर्शनार्थीहरूले मेला भर्न सुरु गरेका खप्तड पर्यटन बोर्ड सिलगढीले जानकारी दिएको छ। परापूर्वकालदेखि बाजुरा, अछाम, बझाङ र डोटीका बासिन्दाले मेला भर्ने गरेकोमा पछिल्लो समय समग्र सुदूरपश्चिम प्रदेश र देशभरका हिन्दू तथा भारतीय मुलुकमा हिन्दू धर्मावलम्बीको आकर्षण बढेको खप्तड पर्यटन बोर्डका अध्यक्ष हर्कबहादुर सिंहले बताए। 'खप्तड गंगा-दशहरा मेला पहिले यहाँका केही जिल्लाका नागरिक मात्रै आउने गर्दथे, अहिले प्रचार प्रसार बढेपछि देश विदेशका नागरिक आउन थालेपछि यहाँको रौनक निकै बढेको छ' उनले भने ।

समुन्द्र सतहदेखि करिव तीन हजार दुई सय मिटरमाथि तीनवटा नदीको संगम बनेको त्रिवेणी समेत रहेको प्राकृतिक रूपले निकै सुन्दर र मनमोहक खप्तड राष्ट्रिय निकुञ्ज धार्मिक हिसाबले पनि महत्वपूर्ण तीर्थस्थलमध्यको एक हो। सहश्रलिंगबाट बगेर आउने सोलिङ खोला (गंगा), डाँफेकोटबाट बगेर आउने डाँफेकोट खोला (यमुना) र प्राचीन धर्मशाला मुन्तिरबाट गुप्त बगेर आउने सरस्वती नदीको संगम रहेको छ। यही त्रिवेणीधाममा रहेको मनकामना मन्दिरमा गणेश, अन्नपूर्ण, शिवशंकर र बसाहका मूर्ति छन् ।

स्कन्द पुराणको मानसखण्डमा पाण्डवहरूले कुरुक्षेत्रमा मारिएका आफ्ना सम्पूर्ण मृतात्माको शान्तिका लागि यही ठाउँमा तर्पण गरेको उल्लेख छ। सोहीअनुसार यस क्षेत्रका बासिन्दा यहाँ आफ्ना पितृको तर्पण गर्ने गरेको शैलेश्वरी मन्दिरका पूजारी प्रेमशंकर भट्टले जानकारी दिए। यसरी तर्पणको सबैभन्दा पवित्र समयका रूपमा गंगा-दशहरा मेलालाई लिइन्छ। यो समयमा नवमीमा मेला भरेर रातभर जाग्राम बस्दै शीत खाएर दशमीको दिन त्रिवेणीमा स्नान गरेर पितृको तर्पणपछि त्रिवेणीधामको दर्शन गर्दा ठूलो पुण्य पाइने र पितृहरूको वैकुण्ठबास हुने मान्यता छ। त्यहाँ पुग्ने पर्यटकले त्रिवेणी धाम, नागढुंगा, खप्तड स्वामीको आश्रम, २२ पाटनलगायत क्षेत्रको भ्रमण गरी मनोरञ्जन लिन सक्नेछन् ।

यसैगरी गंगा दशहरा पर्वका अवसरमै जनकपुरधामस्थित ऐतिहासिक तथा धार्मिक गंगासागर पोखरीको सन्ध्याकालीन महागंगा आरती आन्तरिक तथा बाह्य पर्यटकका लागि आकर्षणको केन्द्र बन्दै गएको छ । विगत आठ वर्षदेखि सञ्चालित महागंगा आरतीमा आन्तरिकसँगै छिमेकी मुलुक भारत तथा अन्य मुलुकबाट समेत पर्यटक आउने गरेको सेभ हिस्टोरिकल जनकपुरधामका संस्थापक संयोजक रामअशिष यादवले बताए।

प्रदेशसभा सदस्य समेत रहेका यादवले भारतको बनारस, हरिद्वार, बनारसलगतयका स्थानमा हुने आरतीझैं पोखरीमा महागंगा आरती हुने गरेकाले पनि दैनिक आरती दर्शनका लागि पर्यटकको आगमन बढ्ेको बताए। 'सुरु सुरुमा थोरै संख्यामा मात्र पर्यटक आउने गर्नुहुन्थ्यो' महागंगा आरती समितिका अध्यक्ष राजकुमार महासेठले हाल महागंगा आरती दर्शनका लागि दैनिक एकसय पचासदेखि दुईसयको संख्यामा आन्तरिक तथा बाह्य पर्यटकहरू आउने गरेका बताए।

दिनभरी गरेको भूल वा गल्तीको क्षमा माग्दै हरेक दिन साँझ हुने महागंगा आरतीमा सहभागी भए क्षमा पाउने र मनोकांक्षा पुरा हुनुको साथै धार्मिक, आध्यात्मिक शक्ति प्राप्त हुने विश्वासका साथ दैनिक उल्लेख्य संख्यामा स्थानीय श्रद्धालु तथा पर्यटकहरू आउने गरेका छन् । जनकपुरधामस्थित धार्मिक, सांस्कृतिक र ऐतिहासिक गंगासागरको सरसफाइ अभियानबाट सुरु भएको महागंगा आरती हाल सात वर्ष पूरा गरी आठौं वर्षमा प्रवेश गरेको छ।

## लगातारको वर्षाले तरकारी कृषक चिन्तित

**महोत्तरी ।** यस वर्ष लगातारको वर्षाले जिल्लाका तरकारी किसानमाथि चिन्ता बढेको छ। साता/दश दिन तथा दिन बिराएर पर्दै आएको पानीले नियमित गोडमेल र उपचार नपाउँदा तरकारी बाली पहेँलिन थालेपछि कृषकलाई चिन्ता थपिएको हो ।

गत वैशाखमा कैयौं पटकको हावाहुरीसहितको वर्षाले लहरे तरकारीका बेला (लहरा) लतारेर सोतर बनाएको समेत किसानको गुनासो छ। वर्षाको पानीले चुटेर फूल, चिचिला र फल समेत चाउरिएर झर्न थालेपछि अपेक्षित तरकारी उत्पादन लिन नसकिने चिन्ताले स्थानीय किसान पिरोलिएका छन् ।

खासगरी चाहेको बेला सिञ्चित गर्न सकिने, पानी नजम्ने रुखो जग्गामा लगाइने तरकारी बाली लगातार पानी परिरहेपछि गोडमेल र औषधोपचार नपाउँदा पहेँलिएको किसानको भनाइ छ। 'लगातार पानी परिरहेको छ, गोड्नसमेत पाइएको छैन' तरकारी उत्पादक किसान भंगाहा नगरपालिका-४ का सत्यनारायण यादवले भने- 'गोडमेल नपाएपछि बारीभरि झार बढेर कीराको प्रकोप बढ्दा बालीबाटै हात धुनुपर्ने स्थिति आउने भैसक्यो ।'

वैशाख/जेठमा उत्पादन लिइने तरकारी पानीले गलाएर चाँडै लहरा मरेको र बारीमा अहिले चिस्यान बढी हुँदा खनजोत गर्न नसकेर भदौरे तरकारी लगाउन नपाइएको किसान बताउँछन् । जेठभित्रै रोपिसक्नुपर्ने भदौरे तरकारी रोप्न ढिलो भैसकेकाले किसानमा चिन्ता बढिरहेको बताउँदै आएका छन् । 'बारीमा पसिसक्नु छैन अहिले, पानीले माटो गालेको छ' यादवले थपे 'जेठ सकिनै लाग्यो, खै यसपाली भदौरे तरकारी रोप्न पाइने छाँट छैन ।'

लगातारको वर्षाले करेला, फर्सी, घिरौंला, झिमनी, लौका, बोडी, चिचिण्डा र परवलसहितका तरकारीका लहरा पहेँलिएर सुकेका छन् । खासमा वैशाख अन्तिम साता र जेठका सातैपिच्छे परेको पानीले हिउँदसम्म उत्पादन दिने लहरे र खुर्सानी, भण्टासहितका तरकारी बाली पहेँल्याएर सुकाएको भङ्गाहा-४ कै अर्का तरकारी किसान सरोज महतो बताए ।

महोत्तरी जिल्लाका बर्दिवास नगरको चेरु, माइस्थान , सोनापेटी, ढुंग्रे, भब्सी, चेरु, टुटेश्वर, बरडाँडा र गणन्तासहितका बस्ती तरकारी बालीमा परबल खेतीका लागि पकेटक्षेत्र मानिन्छन् । यी बस्तीमा लगाइएको परबल अहिले गोडमेल गर्न नसक्दा पानीले गालेर लहरा पहेँलिएका, चिचिला र फल पनि कलिलैमा चाउरिएका र चुँडिएर झरेका चेरुका परबल किसान वाणिकराज काफ्ले बताए। कृषि क्षेत्रकै लामो सरकारी सेवाबाट खेतीमा फर्किएका काफ्ले अवकास प्राप्त सहसचिव समेत हुन् ।

'भिरालो पाखो जग्गाको परवल त मौसममा सुधार आएर गोडमेल र उपचार गर्न पाए फर्कला कि ! तर, गऱ्हामा लगाइएको परवलको भने अब आस मऱ्यो' काफ्ले भने 'म आफैं गोडमेल र उपचारको कुरामा जानकार छु, तर, प्रकृतिका अघि बस् चल्दो रहेनछ, परवल लगाएको जग्गा चिस्यानले भासिने बनाएको छ, पसिसक्नु छैन, के-को गोडमेल ! के को उपचार ?'

'खेत बारीमा भण्टा, खुर्सानीका बोट र परवल, घिरौंला, झिमनी, रामतोरिया, करेला, फर्सी र लौकासहितका तरकारीका बेला पानीले गालेर सुक्दैछन्' भङ्गाहा-४ पलारका तरकारी किसान सत्यनारायण चौधरी थारुले विरक्तिदै भने- 'बारीमा लरबर फल्नुपर्ने तरकारीका बिरुवा सुक्दै गएपछि घर गुजारा अब केले टार्ने होला ?'

मुसलधारे पानी परिरहँदा जिल्लाका बर्दिवास, भङ्गाहा, गौशाला, बलवा र मटिहानी नगरपालिका तरकारी बालीका उर्वर पकेटक्षेत्र घर नजिकै बग्ने नदीनाला सिँचाइका लागि बरदान हुनुपर्नेमा राज्यको उदासिनताले ती बर्सेनी घरखेत बगाउने अभिशाप बनेका बर्दिबास-९ पशुपतिनगरका ६५ वर्षीय किसान महेन्द्र महतो बताए- 'सिँचाईको राम्रो प्रबन्ध भइदिए राम्रोसँग तरकारी फलाउन सकिन्थ्यो ।' आफूहरूको यो मर्का तीनै तहका सरकारले बुझीदिनुपर्ने किसानको भनाइ छ ।

मधेश प्रदेश सरकारको भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले गत वर्ष नै किसानलाई राहत दिने बताए पनि ग्रामीण बस्तीका किसानले यो फाइदा लिन सकेका छैनन् ।

## घर–घरमै फोहोरको वर्गीकरण हुने

**काठमाडौं ।** आगामी साउन एकदेखि काठमाडौंबासीले घर-घरमै स्रोतमै फोहोर वर्गीकरण गर्नुपर्ने भएको छ। काठमाडौं महानगरपालिकाले सिसडोल र बञ्चेरडाँडा ल्यान्डफिल साइटका प्रभावित स्थानीय र स्थानीय तहसँग आगामी १ साउनदेखि फोहोर स्रोतमै वर्गीकरण गर्ने प्रतिबद्धता व्यक्त गरेका छन् ।

नुवाकोटको ककनी गाउँपालिका र धादिङको धुनीबेसी नगरपालिका असार मसान्तसम्म मात्रै अहिलेकै अवस्थाको फोहोर फाल्न दिनेमा सहमत भए पनि साउनबाट फोहोर नछुट्ट्याइ अहिलेकै शैलीमा ल्यान्डफिल साइटमा लगिएमा फोहोर फल्न रोक्ने चेतावनी दिएका छन् ।

महानगरपालिका, सहरी विकास मन्त्रालय र सम्बन्धित स्थानीय तहरूबीच सोमबार भएको सहमतिअनुसार साउनबाट भने काठमाडौंमा घर, पसल, होटल, रेस्टुरेन्टसहित सबै फोहोर उत्पादन हुने स्थानहरूले कुहिने र नकुहहिने फोहोर छुट्टाएर फाल्नु राख्नुपर्नेछ ।

कडाइ पूर्वक फोहोर वर्गीकरण गर्न प्रोत्साहनको नीति ल्याइने भन्दै महानगरपालिकाले केही दिनमै सूचना जारी गर्ने एक अधिकारीलके सो कुरा बताए। महानगरपालिकाका मेयर बालेन साहले चुनावी अभियानकै क्रममा कुहिने र नकुहिने फोहोर लिने गाडी छुट्टाछुट्टै दिनमा पठाउने बताएका थिए। उनले कुहिने र नकुहिने फोहोर छुट्ट्याएर दुबैबाट महानगरले आम्दानी गर्नसक्ने समेत बताएका थिए।

जैविक र अजैविक फोहोरको वर्गीकरण गर्ने अभ्यास धरान र धनकुटा लगायतका स्थानीय तहले गर्दै आएका छन् । काठमाडौं महानगरले यो अभ्यास थालेपछि ललितपुर महानगरपालिकासहित उपत्यकाका अन्य नगरपालिकाले पनि यही विधिबाट फोहोर संकलन गर्न बाध्य हुनेछन् । किनकी उपत्याकाको सबैजसो नगरपालिकाले अहिले सिसडोल र बञ्चरेडाँडामै फोहोर फालिरहेका छन् ।

## बेपत्ता नागरिकको स्थिति सार्वजनिक गर्न परमादेश

**रूपन्देही ।** तत्कालीन द्वन्द्वकालमा बेपत्ता पारिएका नागरिकका पीडित परिवारले आफ्ना बेपत्ता पारिवारजनको अवस्था सार्वजनिक गर्न माग गर्दै दर्ता गराएका निवेदनउपर उच्चअदालत तुलसीपुर इजलास बुटवलले परमादेश जारी गरेको छ।

बेपत्ता परिवारका तर्फबाट निवेदक वुधु पासी र धनकुमारी थारूले उच्चअदालत बुटवलमा दर्ता गरेको परमादेश निवेदन दर्ता भई बुधबार भएको सुनुवाइमा न्यायाधीश नित्यानन्द पाण्डे र ममता खनालको इजलासले परमादेश जारी गरेको हो। रिटमाथि अधिवक्ता शिवप्रसाद गौडेल र इन्दिरा आचार्यले बहस गरेका थिए।

बेपत्ता पीडित परिवारले सशस्त्र द्वन्द्वका समयमा बेपत्ता पारिएकाको अवस्था सार्वजनिक गर्न माग गर्दै यसअघि पटक-पटक जाहेरी दर्ता गर्ने प्रयास भए पनि सफल हुन सकेको थिएन। यसअघि अन्तर्राष्ट्रिय बेपत्ताविरुद्धको दिवसका अवसरमा पीडित परिवार जिल्ला प्रहरी कार्यालयमा जाहेरी दर्ताका लागि पुगेका थिए।

आफन्त बेपत्ता भएको डेढ दशकसम्म पनि बेपत्ताको अवस्था सार्वजनिक नभएकाले 'श्वास या लाश'को माग गर्दै पीडित परिवारले जाहेरी दर्ताका लागि प्रयास गरे पनि जिल्ला प्रहरी कार्यालयले लिन नमानेका कारण पीडित परिवार अदालत पुगेका हुन् । बेपत्ताको अवस्था सार्वजनिक गर्न र बेपत्ता पार्ने कार्यमा संलग्न पीडकको पहिचान गरी कानुनी कारबाही गर्नुपर्ने उनीहरूको माग छ।

विसं २०५९ मा जिल्लाको साविक बोदवार गाविस वडा नं ३ (हाल रोहीणी गाउँपालिका-५ बुची) निवासी रामपलट भन्ने लौटु पासीलाई गैरकानुनी रूपमा पक्राउ गरी थुनामा राखेको र बलपूर्वक बेपत्ता पारेको जनाउँदै पासीका परिवारले तत्काल अवस्था सार्वजनिक गर्न माग गर्दै अदालतमा निवेदन दिएका हुन् ।

प्रहरी कार्यालयमा जाहेरी दर्ताका लागि गए पनि प्रहरीले उक्त जाहेरी दर्ता नगरी फिर्ता पठाएपछि अदालतमा निवेदन दिएको पीडित बुधुले बताए। उनले आफ्ना दाजु लौटुसँग विसं २०६१ जेठ २५ गते सोमबारका दिन अन्तिम भेट भएको र त्यसपछि बेपत्ता भएको बताउँदै तत्काल अवस्था सार्वजनिक गर्न माग गरेका छन् ।

यसैगरी राज्यपक्षबाट २०६२ भदौ ११ गते पक्राउ गरी रूपन्देहीको सियारी गाउँपालिका-६ का धनकुमारी थारूका श्रीमान् कमलप्रसाद बेपत्ता बनाइएका कमलको अवस्था सार्वजनिक गर्न माग गर्दै अदालतमा निवेदन दिएको थारूले बताइन् । उनका अनुसार रोजगारीका लागि भारत गएका कमललाई गाउँ फर्किएको केही दिनमै सादा पोशाकमा आएका सुरक्षाकर्मीले ससुराली जान लाग्दा बाँसगढी भन्ने ठाउँबाट लिएर गएका थिए।

तत्कालीन विद्रोही नेकपा (माओवादी) र नेपाल सरकारबीच सम्पन्न विस्तृत शान्ति सम्झौतामा ६० दिनभित्र बेपत्ता नागरिकको स्थिति सार्वजनिक गर्ने भनिएको पनि सम्झौता भएको डेढ दशक बितिसक्दा समेत सो कार्य हुन नसक्दा पीडितमाथि झनै पीडा थपिएको छ।

संक्रमणकालीन न्यायअन्तर्गत बेपत्ता व्यक्तिको छानबिन गर्न आयोग गठन भएता पनि आयोगले प्रभावकारी काम गर्न नसकेको बेपत्ता पीडित परिवारको गुनासो छ। बेपत्ता पारिएका व्यक्तिको छानविन आयोगले सात वर्षसम्म परिणाम दिन नसक्दा उनीहरू निरास देखिएका छन् ।

## किसानका समस्याप्रति सरकारको बेवास्ता, मल अभावले सास्ती

**काठमाडौं ।** कृषि प्रधान मुलुक भनिए पनि सरकारले कृषकको समस्याप्रति पूरै बेवास्ता गरिरहँदा आफूहरूलाई खेती लगाउने बेला सधैं रासायनिक मलकै चिन्ताले सताउने गरेको म्याग्दीका किसानले गुनासो गरेका छन्। धान रोप्ने समय सुरु हुन लागिसक्दा पनि रासायनिक मलको अभावमा बीउ राख्न नपाउँदा जिल्लाका कृषक चिन्तित बनेका छन् । दोस्रो पटक मकै गोड्ने बेलामा पनि मकैका लागि रासायनिक मल हाल्न नपाएका म्याग्दीका किसान यतिबेला धानको बीउ राख्ने बेलासम्म मल नपाउँदा समस्यामा परेको बेनी नगरपालिका २ का पदमपाणि शर्माले गुनासो पोखे ।

'मकै गोड्दा मल नपाएर हालिएन, अब धान रोप्ने बेला आउन लाग्यो, मलको अभावमा बीउ राख्न पाइएको छैन, यसरी त खेती गर्न नसकिने भइयो' स्थानीय कृषक तिलबहादुर घर्तीले मकै गोड्ने बेला मल नपाएपछि त्यत्तिकै मकै गोडेको बताए- 'बर्सेनि मलको अभाव हुन्छ, तर सरकारले कृषकको समस्याप्रति ध्यान दिएको पाइएन ।' असारको दोस्रो साताबाट रोपाइँ गर्ने तयारी रहेका उनलाई यतिबेला धानको बीउ राख्ने बेला भए पनि मल नपाएर सास्ती खेप्नु परिरहेको सुनाए। 'अहिलेसम्म मल पाउने सुरसार छैन, के गर्ने कसो गर्ने अलमल परेको छु' उनको भनाइ थियो।

मल खरिद गर्न तीन/चार पटक बजार धाउँदा मल नपाएको भकिम्ली तोराखेतका डिलबहादुर सापकोटाले बताए। 'रासायनिक मल नपाए पछि गोबर मल नै प्रयोग गरेर हिजो बीउ राखेँ, चाहिएको बेला मल कहिल्यै पाइँदैन, कृषकको समस्या कहिल्यै समाधान हुने भएन' उनले भने।

धान रोप्ने बेला डिएपी र गोड्ने बेला युरिया मल प्रयोग गर्नुपर्ने भए पनि वर्षौंदेखि रासायनिक मल हालिरहेको खेतबारीमा गोबर मल मात्रैले काम नगर्ने स्थानीय कृषकले सुनाए।

नागार्जुन नगरपालिका

**नगर कार्यपालिकाको कार्यालय**

बागमती प्रदेश, नेपाल

समृद्ध नागार्जुनको आधार, पर्यटनसहितको पूर्वाधार

# नगरवासीमा सूचना

- पौष मसान्तभित्र चालु आ.व. का योजना तथा कार्यक्रमहरूको उपभोक्ता समिति गठन गरिसक्नु पर्नेछ ।
- माघ मसान्तभित्र चालु आ.व. का योजना तथा कार्यक्रमहरूको सम्झौता गरिसक्नु पर्नेछ ।
- योजना तथा कार्यक्रमहरूको प्रभावकारी अनुगमन सम्बन्धित वडाबाट नै गरिनु पर्नेछ ।
- योजना तथा कार्यक्रमहरूको समयमा नै बेरुजु पेश्की फछ्र्यौट गरिसक्नु पर्नेछ ।
- जेष्ठ मसान्तभित्र चालु आ.व. का योजना तथा कार्यक्रमहरू सम्पन्न गरी बजेट रकम निकासा लिइसक्नु पर्नेछ ।

उपभोक्ता समितिले सम्झौता गर्दा संलग्न गर्नुपर्ने कागजातहरूः

- बजेट स्वीकृतिको आधार ।
- उपभोक्ता समितिको निर्णय ।
- वडाको सिफारिस ।
- प्राविधिक लागत इस्टिमेट ।

नगर प्रमुख

**एवं नागार्जुन नगरपालिका**

नगर कार्यपालिकाको कार्यालय, काठमाडौं

---

तारकेश्वर नगरपालिका

**नगर कार्यपालिकाको कार्यालय**

बागमती प्रदेश, नेपाल

समृद्ध तारकेश्वरको आधार, पर्यटनसहितको पूर्वाधार

# नगरवासीमा सूचना

- पौष मसान्तभित्र चालु आ.व. का योजना तथा कार्यक्रमहरूको उपभोक्ता समिति गठन गरिसक्नु पर्नेछ ।
- माघ मसान्तभित्र चालु आ.व. का योजना तथा कार्यक्रमहरूको सम्झौता गरिसक्नु पर्नेछ ।
- योजना तथा कार्यक्रमहरूको प्रभावकारी अनुगमन सम्बन्धित वडाबाट नै गरिनु पर्नेछ ।
- योजना तथा कार्यक्रमहरूको समयमा नै बेरुजु पेश्की फछ्र्यौट गरिसक्नु पर्नेछ ।
- जेष्ठ मसान्तभित्र चालु आ.व. का योजना तथा कार्यक्रमहरू सम्पन्न गरी बजेट रकम निकासा लिइसक्नु पर्नेछ ।

उपभोक्ता समितिले सम्झौता गर्दा संलग्न गर्नुपर्ने कागजातहरूः

- बजेट स्वीकृतिको आधार ।
- उपभोक्ता समितिको निर्णय ।
- वडाको सिफारिस ।
- प्राविधिक लागत इस्टिमेट ।

नगर प्रमुख

**एवं तारकेश्वर नगरपालिका**

नगर कार्यपालिकाको कार्यालय, धर्मस्थली, काठमाडौं

---

चाँगुनारायण नगरपालिका

**नगर कार्यपालिकाको कार्यालय**

बागमती प्रदेश, नेपाल

समृद्ध चाँगुनारायणको आधार, पर्यटनसहितको पूर्वाधार

# नगरवासीमा सूचना

- पौष मसान्तभित्र चालु आ.व. का योजना तथा कार्यक्रमहरूको उपभोक्ता समिति गठन गरिसक्नु पर्नेछ ।
- माघ मसान्तभित्र चालु आ.व. का योजना तथा कार्यक्रमहरूको सम्झौता गरिसक्नु पर्नेछ ।
- योजना तथा कार्यक्रमहरूको प्रभावकारी अनुगमन सम्बन्धित वडाबाट नै गरिनु पर्नेछ ।
- योजना तथा कार्यक्रमहरूको समयमा नै बेरुजु पेश्की फछ्र्यौट गरिसक्नु पर्नेछ ।
- जेष्ठ मसान्तभित्र चालु आ.व. का योजना तथा कार्यक्रमहरू सम्पन्न गरी बजेट रकम निकासा लिइसक्नु पर्नेछ ।

उपभोक्ता समितिले सम्झौता गर्दा संलग्न गर्नुपर्ने कागजातहरूः

- बजेट स्वीकृतिको आधार ।
- उपभोक्ता समितिको निर्णय ।
- वडाको सिफारिस ।
- प्राविधिक लागत इस्टिमेट ।

नगर प्रमुख

**एवं चाँगुनारायण नगरपालिका**

नगर कार्यपालिकाको कार्यालय, भक्तपुर, नेपाल

---

# सार्वजनिक सूचना

सार्वजनिक सडकमा निर्वाध रूपमा आवतजावत गर्न पाउने सबैको नैसर्गिक अधिकार हो । तसर्थ, यसको सम्बर्द्धन, सम्भार एवम् सुरक्षा गर्नु हामी सबैको साझा कर्तव्य हो । सडकमा सीमा अतिक्रमण गरी घर, टहरालगायत अस्थायी एवम् स्थायी संरचनाहरू निर्माण गर्नु सार्वजनिक अपराध हो । साथै, यातायात आवागमनमा बाधा पुग्ने गरी सडक सीमाभित्र निर्माण सामग्रीहरू सडकमै थुपार्ने, सडकमै सवारी साधनहरू धुने, सडक नाली पुरी बाटो बनाउने तथा ढल मिलाउने एवम् फोहरमैला डम्प गर्नेजस्ता कार्य नगरिदिनु हुन तथा सडकमा लिकेज भएका खानेपानी तथा ढलका पाइप लाइनहरू सम्बन्धित निकायबाट यथासिघ्र मर्मत तथा सम्भार गरिदिनु भई सडक संरक्षण गर्ने कार्यमा सहयोग गरिदिनु हुन सबै सरोकारवाला पक्षहरूसँग हार्दिक अनुरोध गरिन्छ ।

नेपाल सरकार

**भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय**

**थानकोट–चित्लाङ सडक योजना**

कलङ्की, काठमाडौं

---

**कुहिने र नकुहिने फोहोर छुट्टाछुट्टै जम्मा गरौ, बेग्लाबेग्लै थुप्याऔं ।**

**फोहर व्यवस्थापनमा योगदान गरौं, सभ्य नागरिकको पहिचान दिऔं ।**

## तत्काल...

समाजवादी पार्टीलाई समेत सरकारमा सहभागी गराउन गृहकार्यमा लागेको ती नेताले बताए। तर सत्ता गठबन्धनमा यसबारे सहमति जुटेको छैन। बजेट पारित नहुँदासम्म मन्त्रिपरिषद् हेरफेर नहुने भएपछि जसपा पनि फुटबाट तत्काललाई जोगिएको छ। मन्त्रिपरिषद् हेरफेर रोकिएपछि एकीकृत समाजवादीका अध्यक्ष नेपालले आफ्ना मन्त्रीहरूलाई बोलाएर सम्झाएका छन्।

नेकपा एसका अध्यक्ष नेपालले आइतबार बिहान प्रधानमन्त्री देउवालाई भेटेर पार्टीको पुरानै निर्णयका आधारमा मन्त्री परिवर्तन गर्न लागेको जानकारी गराएका थिए। उक्त दलले यसअघि नै ६ महिनामा मन्त्री परिवर्तन हुने निर्णय लिएको नेपालको भनाइ थियो। बालुवाटार स्रोतका अनुसार पार्टीकै निर्णयअनुसार मन्त्री बदल्ने नेपालको कुरामा प्रधानमन्त्री देउवाले सकारात्मक जवाफ दिएका थिए। त्यसपछि नेपालले पार्टी सचिवालयको बैठक बोलाएर पुराना मन्त्रीलाई फिर्ता बोलाएर नयाँलाई पठाउने निर्णय गराए। एकीकृत समाजवादीका एक नेताका अनुसार उक्त निर्णयको जानकारी टेलिफोनबाट तत्कालै प्रधानमन्त्री देउवालाई गराइएको थियो।

निर्णय सार्वजनिक हुनासाथ असन्तुष्ट मन्त्रीहरूले पार्टीको निर्णय कार्यान्वयन नगराउन प्रेमबहादुर आले, कृष्णकुमार (किसान) श्रेष्ठ, विरोध खतिवडा र रामकुमारी झाँक्री छुट्टाछुट्टै समूहमा बालुवाटार पुगेका थिए। उनीहरूले तत्काल मन्त्री हेरफेर गर्दा राजनीतिले अर्को मोड लिन सक्ने र बजेट पारित गर्नसमेत चुनौती आउन सक्ने भन्दै प्रधानमन्त्री देउवाको ध्यानाकर्षण गराएका थिए। 'संसद्‌बाट बजेट पारित भएको छैन। बजेटकै कतिपय विषयमा मन्त्रीहरूले जवाफ दिनुपर्ने हुन्छ। यस्तो बेला मन्त्री परिवर्तन गर्ने निर्णय नै अपरिपक्व छ' ती मन्त्रीहरूको भनाइ थियो- 'यसलाई एकीकृत समाजवादीको मात्रै विवाद नठानियोस्। सत्ता गठबन्धनलाई समस्यामा ल्याउन सक्छ।' एकीकृत समाजवादी र जसपाका आधाभन्दा कम सांसदले साथ नदिँदा पनि वार्षिक बजेट पारित हुन सक्दैन।

एकीकृत समाजवादीका मन्त्रीहरू आफूलाई जानकारी नै नदिइ फिर्ता बोलाउने निर्णय गरिएको भन्दै असन्तुष्ट बनेका थिए। नेतृत्वले गलत समयमा र सम्बन्धित मन्त्रीलाई जानकारी नगराई अपमानित तरिकाले फिर्ता बोलाउने निर्णय गरेको उनीहरूको भनाइ थियो। 'फिर्ता गराउने निर्णय मैले मिडियाबाट नै थाहा पाएको हुँ। पार्टीबाट हामीलाई कुनै जानकारी थिएन' मन्त्री खतिवडाले भने।

सोमबार नै मन्त्रिपरिषद् हेरफेर गर्नेबारे माओवादी अध्यक्ष दाहाल र जसपा अध्यक्ष उपेन्द्र यादव पनि जानकार नभएको माओवादी केन्द्रका एक नेताले बताए। गठबन्धनमा छलफल नै नगरी एकीकृत समाजवादीले निर्णय गरेर मिडियामार्फत सार्वजनिक गरेपछि सहयात्री दलका नेता असन्तुष्ट बनेको देखिन्छ। त्यही कारण आइतबार साँझ एकीकृत समाजवादीका अध्यक्ष नेपाल खुमलटारस्थित अध्यक्ष दाहालको निवास पुगेका थिए। दाहाल र नेपालबीच करिब एक घण्टा छलफल भएको थियो।

नेपाल निस्किएको केहीबेरमै एकीकृत समाजवादीका तर्फबाट प्रतिनिधित्व गर्ने विरोध खतिवडा, रामकुमारी झाँक्रीसहितका मन्त्री एकै पटक दाहालको निवास पुगेका थिए। उनीहरू 'अध्यक्ष नेपाललाई सम्झाइदिनुस् भन्न दाहालको निवास पुगेको' एक मन्त्रीले बताए। 'हामी खुमलटार पुग्नुअघि नै माधव कमरेड पनि पुगेर निस्कनुभएको रहेछ। त्यतिबेलै प्रचण्डले तपाईंले हतार गर्नुभयो, बजेटसम्म पर्खेको भए हुन्थ्यो भन्नुभएको रहेछ' ती मन्त्रीले थपे- 'हामीले पनि बजेट संसदमा पेस भएको छ, मन्त्रालयगत छलफलमा जवाफ दिने तयारी गरिसकेका छौं, यस्तो बेला मन्त्री फिर्ता बोलाउने निर्णय गरेर रमिता किन देखाइएको हो, माधव कमरेडलाई सम्झाइदिनुस् भनेका थियौं।'

**डढेलो नियन्त्रण गरौं, वातावरण जोगाऔं !**

**डढेलोले,**

- वन मात्र नभई जैविक विविधता र सम्पदा पनि नष्ट गर्दछ,
- वातावरणीय प्रदूषण बढाउँछ,
- बाढीपहिरो तथा भूक्षय बढाउँछ,
- पानीको मूल सुकाउँछ,

**त्यसैले, वनपैदावरको संकलन तथा खेतीकिसानी गर्दा, आगोको प्रयोग गर्दा सावधानी अपनाऔं।**

**नेपाल सरकार**

**विज्ञापन बोर्ड**

भेटका क्रममा अध्यक्ष प्रचण्डले 'तुरुन्तै तपाईंहरूको मन्त्रीपद नजाला' भन्दै धैरै तनाव नलिन आश्वास दिएको ती मन्त्रीले बताए। मन्त्रीहरूकै विरोधका कारण देउवाले एकीकृत समाजवादको निर्णय 'होल्ड' गरेर सोमबार बिहान सत्ता गठबन्धन दलका शीर्ष नेताहरूको बैठक बोलाएको बुझिएको छ। 'गठबन्धनका दलभित्र पनि मन्त्री परिवर्तन गर्नुपर्छ भन्ने दबाब छ, अरूले पनि गरौंला। तपाईंको टिममात्रै किन गर्ने ? बजेट पास गरौं, त्यसपछि सल्लाह गरौंला' भन्ने प्रधानमन्त्री देउवा र अध्यक्ष दाहालको आग्रहपछि एसका अध्यक्ष नेपाल मन्त्री हेरफेर गर्ने निर्णय तत्काललाई थाती राख्न सहमत भएका बालुवाटार स्रोतले बतायो।

पार्टी नेतृत्वले नयाँ मन्त्रीको शपथ हुनसक्ने भन्दै सम्बन्धित नेतालाई तयारी अवस्थामा रहन निर्देशन दिएपछि सूचीमा परेका सांसदहरू शपथका लागि दौरा-सुरुवाल सिलाएर बसे पनि तत्काल मन्त्रिपरिषद हेरफेर नहुने जानकारी पाएपछि रूष्ट बनेका छन्। नेकपा एसले मन्त्रीहरू प्रेमबहादुर आले, कृष्णकुमार श्रेष्ठ, विरोध खतिवडा र रामकुमारी झाँक्रीलाई फिर्ता बोलाएर जीवनराम श्रेष्ठलाई संस्कृति, पर्यटन तथा नागरिक उड्डयन, मेटमणि चौधरीलाई सहरी विकास, शेरबहादुर कुँवरलाई श्रम तथा रोजगार र भवानी खापुङलाई स्वास्थ्यमन्त्री तथा हीरा केसीलाई स्वास्थ्य राज्यमन्त्री बनाउने भनेको थियो। मन्त्री बन्ने सूचीमा परेका एक सांसदले भने तत्काल मन्त्रिपरिषद हेरफेर नहुने निर्णय सार्वजनिक भएपछि आफूलाई दुःख लागेको बताए।

थमौती पाएका मन्त्रीहरूले आफूहरूलाई 'कू' गरेको शैलीमा हटाउने खोजेको भन्दै नेतृत्वप्रति असन्तुष्ट व्यक्त गरेका छन् भने मन्त्रीमा सिफारिस भएर पनि तत्काल शपथ लिन नपाएकाहरूको असन्तुष्टि भनै चर्को छ। मन्त्री बन्ने सूचीमा परेको मेटमणि चौधरीले प्रधानमन्त्रीले पार्टीको निर्णय कार्यान्वयन नगरे गठबन्धनको कोर्स नै बदलिने बताए।

यसअघि चैतमा समेत स्वास्थ्यमन्त्री विरोध खतिवडालाई पार्टी अध्यक्ष नेपाललाई भेटेर मन्त्रीहरूको तर्फबाट हप्ता दश दिन दिएर मात्र निर्णय गर्न आग्रह गरेका थिए। 'सरकारमा जान साथीहरू औंला भाँचेर बसेका छन् भन्ने थाहा भएपछि अध्यक्षलाई भेटेर तपाईंलाई दबाव होला। हामी सरकार छाड्न तयार नै छौं' एक मन्त्री सुनाए 'तर एमसीसी पास भएपछि बल्ल थिग्रिएर काम गर्न पाएका छौं, चुनाव पनि घोषणा भएको छ। पार्टीले जे निर्णय गर्नु हप्ता/दश दिन अगाडि यस्तो छ भन्नुस्, आफैं वातावरण बनाएर बहिर्गमन हुन्छौं भनेका थियौं।'

यसअघि आइतबार दिउँसो नेकपा एसका अध्यक्ष नेपालले स्वास्थ्य तथा जनसंख्यामन्त्री विरोध खतिवडालाई फोन गरेर पार्टीबाट मन्त्री बनेका सबै नेतालाई लिएर पार्टी कार्यालय आउन आग्रह गरेपछि तत्काल उपलब्ध तीन मन्त्रीसहित कार्यलय पुगेका थिए। शहरी विकासमन्त्री रामकुमारी झाँक्री, स्वास्थ्यमन्त्री खतिवडा र पर्यटनमन्त्री प्रेमबहादुर आलेले चुनावी समीक्षा र बजेटबारे कुराकानी गरेका थिए।

कुराकानीका क्रममा मन्त्रीहरूले पार्टीको सचिवालय समितिमा भइरहेको छलफलबारे चासो राखेपछि अध्यक्ष नेपालले 'सरकारमा जान साथीहरूको दबाव छ, सचिवालयमा व्यापक कुरा उठेको छ, ६ महिना भयो' भनिरहेका छन् भन्ने जानकारी दिएका थिए। मन्त्रीहरूले आफूहरूले बनाएको बजेटको बचाउ गर्नु आफूहरूको कर्तव्य भएको भन्दै मन्त्रालयगत छलफलमा उठेका प्रश्नको जवाफ दिनका लागि पनि तत्काल हेरफेर नहुने आशय व्यक्त गरेका थिए।

मन्त्री हेरफेर नगर्ने निर्णय भएपछि प्रधानमन्त्री देउवाले एकीकृत समाजवादीका चार मन्त्रीलाई बालुवाटारमा बोलाएर नियमित काम गर्न निर्देशन दिएको श्रममन्त्री श्रेष्ठले बताए।

प्रधानमन्त्री देउवाको जोडबलमा मन्त्रीहरू रामकुमारी झाँक्री, विरोध खतिवडा, प्रेम आले र किसान श्रेष्ठको मन्त्री पद केही दिनका लागि थमौती भएको छ। अब उनीहरूले संसदमा बजेटमाथि उठेका प्रश्नहरूको जवाफ दिन पाउने छन्। तर त्यसपछि कहिले हट्नुपर्नेमा टुंगो छैन। त्यसमाथि पार्टीले 'कु' गरेको शैलीमा हटाउन खोजेकाले उनीहरू पार्टी नेतृत्वप्रति असन्तुष्ट देखिएका छन्।

उता मन्त्री सिफारिस भएर पनि तत्काल शपथ लिन नपाउनेहरूको असन्तुष्टि त्यो भन्दा चर्को छ। सहरी विकासमन्त्रीमा सिफारिस भएका मेटमणि चौधरी त पार्टीको निर्णय प्रधानमन्त्रीले कार्यान्वयन नगरे गठबन्धनको कोर्स नै बदलिने दाबी गरेका छन्- 'पार्टीको निर्णय कार्यान्वयनका लागि धैरै पर्खिन सक्दैनौं। पार्टीको निर्णय कार्यान्वयन भएन भने गठबन्धनकै राजनीतिक कोर्स नै बदलिन्छ।'

एकीकृत समाजवादीका नेता झलनाथ खनालले मन्त्री कसलाई बनाउने, या नबनाउने पार्टीको सार्वभौम अधिकार भएको भन्दै अरुले निर्णय गर्न नसक्ने टिप्पणी गरेका छन्।

## माओवादी...

लागि छलफल भएको तर हाल सरकारमा सहभागी मन्त्रीहरू फेर्नेबारे कुनै छलफल नभएको तथा त्यसखाले तयारी समेत आफ्ना दलमा नरहेको पूर्व स्थायी समिति सदस्य शक्तिबहादुर बस्नेतले जानकारी दिएका हुन्।

माओवादीमन्त्री मध्येका अर्थमन्त्रालय सम्हालेका जनार्दन शर्माका विषयमा राष्ट्र बैंकका गभर्नर हटाउने विषयलाई सार्वजनिक आलोचना भए हालको लागि सो प्रसंग सेलाएको देखिन्छ। तत्कालिन अवस्थामा नेपाली कांग्रेसले समेत मन्त्री शर्माका बारेमा प्रश्न उठाएको थियो।

बर्तमान सरकारमा पम्फा भुसाल ऊर्जामन्त्री, जनार्दन शर्मा अर्थमन्त्री, देवेन्द्र पौडेल शिक्षा मन्त्री, शशी श्रेष्ठ भूमि व्यवस्था मन्त्री, महेश्वर गहतराज युवा तथा खेलकुदमन्त्री सहित सहभागी रहेका छन्।

यसैबीच सत्ता साझेदार नेकपा एसले चार मन्त्रीलाई सरकारबाट फिर्ता बोलाउँदै नयाँ चारजनाको नाम सरकारसँग सिफारिस समेत गरेको छ। जसअनुसार प्रधानमन्त्री शेरबहादुर देउवाले मन्त्रीमण्डल हेरफेर गर्ने भएका छन्। आइतबार बसेको सो दलको सचिवालय बैठकले जीवनराम श्रेष्ठ, मेटमणि चौधरी, शेरबहादुर कुँवर, भवानी खापुङ, हीरा केसीलाई मन्त्रीका लागि सिफारिस गरेको हो।

## पर्यावरण...

मार्क्सको अध्ययन आधुनिक कृषिबारे वास्तवमा आलोचनात्मक भई नसकेको निष्कर्ष निकाल्नु उपयुक्त हुन्छ। तथापि, 'पुँजी' मा आएर यसमा परिवर्तन भएको देखिन्छ।

मार्क्सलाई आफ्नो बुझाइमा परिवर्तन गर्न के कुराले घच्घच्यायो ? 'पुँजी' लेख्दा मार्क्सको ध्यान पुँजीवादी व्यवस्थाअन्तर्गत श्रमलाई मानवीय आवश्यकता पूरा गर्न नभई पुँजीवादी व्यवस्थाको लागि अधिकतम धन सङ्कलन गर्न कसरी प्रयोग हुन्छ भन्नेमा केन्द्रित थियो। उनले त्यही बेला लेखेका छन्- 'पुँजीवादी व्यवस्थाले श्रमिकको जीवनमा धैरै थरी समस्याहरू जस्तै धेरै काम, मानसिक तथा शारीरिक समस्या, बाल श्रम आदि निम्त्याउने गर्छ।' पुँजीको यो प्रभुत्व कारखानामा श्रमको पुनःसङ्गठनभन्दा पर पुग्छ।' मानिस र प्रकृतिबीचको प्राकृतिक अन्तरक्रियालाई खलल पुग्ने गरी भौतिक विश्वमा अनेक प्रकारका विकृति देखापर्छन्।'

नयाँ ज्ञानको खोजीमा मार्क्सले कृषि विज्ञानको अध्ययनलाई निरन्तरता दिए। सन् १८५६-६६ का मार्क्सका नोटबुकहरूको अध्ययनपछि साइटोका अनुसार उनलाई लेबिगको विचारमाथि आलोचनात्मक धारणा विकास गर्न मद्दत पुग्यो। त्यत्तिञ्जेल लेबिगको विचारमा पनि परिवर्तन आइरहेको थियो। लेबिग आफैं पनि पुँजीवादी कृषिको आलोचनामा प्रस्ट बन्दै थिए। कृषि उत्पादन बढाउने नाममा माटोको गुणस्तरमा सम्झौता गर्न नसकिनेमा उनी प्रस्ट थिए। उनले लेखेका थिए, 'माटोको पोषक तत्वको कारणमात्र कृषि उत्पादन बढ्ने होइन। बरु माटोको गुणलाई क्षति पुऱ्याउने तौरतरिकाको कारण कृषि उत्पादन बढिरहेको छ।' लेबिग पुँजीवादी कृषि 'डकैतीको प्रणाली' मा निर्भर हुने मतमा प्रस्ट भए। संसारभरका टापुमा जम्मा भएका जीवजन्तु र चराचुरुङ्गीको मलको प्रयोग अध्ययनपछि उनी यो मतमा दृढ बने। उनले बेलायतको कृषि उद्योगलाई बाँकी संसारको लागि रगत खाने राक्षस (भ्याम्पायर) को रूपमा व्याख्या गरे। बेलायती कृषि उद्योगले प्राकृतिक स्रोतसाधनको दोहनलाई लिएर उनले त्यस्तो उपमा दिएका थिए। त्यसरी प्राकृतिक स्रोतको दोहनले मूलतः कुनै दिगो उपलब्धि हासिल नहुने उनको विचार थियो।

यी विश्लेषणहरूलाई आधार मानेर मार्क्सले आफ्नो तर्कमा पनि परिवर्तन गरे। उनले प्रविधि र विज्ञानमा केन्द्रित 'उत्साहप्रद' मत त्यागे। साइटोको शब्दमा मार्क्सले 'नाफामुखी' प्रविधिले माटोमा उर्वरताको कमी र प्राकृतिक स्रोतको अभावजस्ता अनपेक्षित र विनाशकारी परिणाम निम्त्याउने' देखे। लेबिगका लेखहरू माटोको उर्वरता सङ्कट समाधान गर्न वैज्ञानिकहरूबीच व्यापक छलफल भएको थियो। उर्वरता सङ्कटको समाधान 'रसायनिक समाधान' हुनुपर्ने र लेबिगको जस्तो 'खनिज समाधान' हुनुपर्ने तर्क गर्नेबीच त्यतिबेला गम्भीर बहस भएको थियो। मार्क्सले जर्मनीका वैज्ञानिक कार्ल फ्रासका कृतिहरूको पनि अध्ययन गरे। मार्क्सको विचारमा फ्रासका विचारले 'अचेत सामाजिक झुकाव' प्रदर्शन गरेको छ। फ्रासको विचारमा माटोमा कृत्रिम मलमार्फत रसायन मिसाउनुभन्दा माटोको उर्वरता बढाउने अरु नै उपायहरू भएको बताए। जस्तैः खेतको माटो र पोषकमा प्राकृतिकरूपमा फेरबदल गर्न बाढी हुल्ने उपाय। तर महँगो रसायनिक मलमा भरपर्न नहुने उनको धारणा थियो। त्यसले पनि न्यायसङ्गत कृषि सम्भव भएको मार्क्सको बुझाइमा अझ मलजल गऱ्यो।

फ्रासको अध्ययनले मार्क्सलाई जलवायु र त्यसले कृषि र सभ्यतामा पार्ने असरको विषयमा पनि अध्ययन गर्न हौस्यायो। मार्क्सले फ्रासको पुस्तक 'क्लाइमेट एन्ड द प्लान्ट वर्ल्ड ओभर टाइम्स' (१८४७) पढे। त्यो पुस्तकमा वनविनाशले जलवायुमा पार्ने प्रभावबारे मार्क्सले अध्ययन गरे। फ्रासले आफ्नो पुस्तकमा वनविनाश र अन्य वनस्पतिको विनाशले कुनै पनि क्षेत्रको प्राकृतिक चरित्रमा 'गहिरो फेरबदल' ल्याउने कुरा लेखेका छन्। वनविनाश र मरुभूमीकरणबारे फ्रासका पुस्तकबाट मार्क्सले विस्तृत नोट बताए। जसबाट मानिस-प्रकृति मेटाबोलिज्मलाई कसरी पुँजीवादी व्यवस्थाले असर गर्छ भन्ने विषयमा मार्क्सको बुझाइलाई अझ व्यापक बनाउन मद्दत गऱ्यो। साइटोले निष्कर्ष निकालेका छन्ः

'फ्रासको ऐतिहासिक अध्ययनले अघिल्लो लेबिगको माटोको उर्वता ह्राससम्बन्धी सिद्धान्तले भन्दा पर्यावरणसम्बन्धी मार्क्सको बुझाइलाई अझ फराकिलो बनायो। मानिसको कारण प्राकृतिक अन्तरक्रियामा निम्तिने दखलबारे मार्क्सको अध्ययनको लागि जलवायु परिवर्तन एउटा नयाँ र महत्वपूर्ण विषय थियो। 'क्लाइमेट एन्ड द प्लान्ट वर्ल्ड ओभर टाइम'ले मार्क्सलाई आधुनिक पुँजीवादी उत्पादनले मानिस र प्रकृतिबीचको अन्तरक्रियामा थप दखल पुऱ्याएको विषयमा मार्क्सलाई सचेत बनायो।'

फ्रान्सले व्यापार र उद्योगले वातावरणमाथि अनिवार्यरूपमा क्षति पुऱ्याएको निराशावादी निष्कर्ष निकाले। तर, मार्क्सले उत्पादनका साधनमा प्रजातान्त्रिक नियन्त्रणमार्फत मानिस र प्रकृतिबीच अन्तरक्रियाको न्यायपूर्ण नियमनमार्फत उनीहरूबीच एकता कायम गर्नुका साथै मेटाबोलिक खाडल पुर्न सहयोग गर्ने निष्कर्ष निकाले। तर, त्यसको निम्ति पुँजीवादी व्यवस्थालाई भत्काउनुपर्ने उनको निचोड थियो।

यसरी समकालीन वैज्ञानिकहरूको गम्भीर अध्ययन र त्यसमाथिको बहसको लामो सिलसिलापश्चात् मार्क्स आफ्नो मेटाबोलिक सिद्धान्तमा पुगे। तर, दिगो विश्वबारे अझ बढी स्पष्ट हुन हामीले पुँजीवादी व्यवस्था किन यति विनाशकारी हुन्छ भन्ने कुरा बुझ्न जरुरी छ। यहाँ आएर साइटोले पर्यावरणसम्बन्धी विचारसामु मार्क्सको अतिरिक्त मूल्यको सिद्धान्तको केन्द्रीयतालाई उपेक्षा गर्न नसकिने तर्क गर्छन्।

पुँजीवादले नाफाको दौडको लागि मात्र पृथ्वीलाई ध्वस्त पार्छ भन्ने बुझाइ पूर्ण बुझाइ होइन। साइटोको बुझाइमा यो तर्क स्वयम् मार्क्सको भौतिकवादी विधिविपरीत हो। क्रमशः

प्रकाशकः **कोसेली मिडिया सपोर्ट प्रा.लि.** सम्पादक : **सानु राय (गौतम) [९८४९६००२०९]** बजार व्यवस्थापक : **माधवप्रसाद न्यौपाने [९८४६५२८५०२]**
**कार्यालय** : जोरपाटी, काठमाडौं **फोन** : ९८४७३९५३८६ **इमेल** : janajibro.news@gmail.com **वेबसाइट** : www.janajibro.com **मुद्रण** : शर्मिला प्रिन्टर्स, डल्लु, काठमाडौं